बैठक संख्या: २९।२०८१।०८२

बैठक मिति: २०८२।०३।०९ गते, समय: विहान ८:०० बजे

स्थान: पाख्रीवास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०३।०९ गते सोमबार विहान ८:०० बजे पाख्रीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री विज्ञान कोइराला | प्रमुख प्रशासकीय अधिकृत | | |

**सहयोगी कर्मचारी**

| | | | | |
|---|---|---|---|---|
| १ | श्री अनिस काफ्ले | अधिकृतस्तर आठौं | | |
| २ | श्री नरेन्द्र कुमार लिम्बु | इञ्जिनियर | | |
| ३ | श्री पर्शुराम श्रेष्ठ | इञ्जिनियर | | |
| ४ | श्री शेखर गौतम | कम्प्युटर अपरेटर | | |

बैठक संख्याः २९।२०८१।०८२
बैठक मितिः २०८२।०३।०९ गते, समयः विहान ८:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१) प्रस्ताव नं. १ : ठेक्काको म्याद थप सम्बन्धमा।

२) प्रस्ताव नं. २ : साना सिंचाई योजना VO स्वीकृत गर्ने सम्बन्धमा।

**निर्णयहरु :**

**निर्णय नं. १**

पाख्रीबास नगरपालिका वडा नं. ३, ९ र १० स्थित Singhadevi Chowk-Muga Khola-Uttarpani-Mansichautara-Road Upgrading Project (ठेक्का नं. PKBSMUN/NCB/WORKS/2081/082-01) सम्बन्धी कार्य गर्नको लागि मिति २०८२।०३।१५ गते भित्र आयोजना सम्पन्न हुने गरी मिति २०८१।०९।२२ मा यस नगरपालिका र श्री Aananda/Saiman J.V., धरान-५, सुनसरी बीच भ्याट सहित रु.१,९५,१६,७८४।७५ (अक्षरुपी एक करोड पन्चानब्बे लाख सोह्र हजार सात सय चौरासी रुपैयाँ पचहत्तर पैसा) रकमको सम्झौता भई निर्माण कार्य भई रहेकोमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भए बमोजिम ठेक्का सम्झौताको म्याद थप नहुँदा पर्न जाने असुविधा/क्षति र नोक्सानीलाई समेत ध्यानमा राखी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उपनियम (२)(ग) बमोजिम मिति २०८२/०६/०५ गते सम्म उक्त योजनाको प्रथम पटक म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

क्लष्टर कार्यक्रम व्यवस्थापन तथा कार्यान्वियन सहयोग परामर्शदाताको कार्यालय साना सिंचाई कार्यक्रम (SIP) धनकुटाको च.नं. ७७, मिति २०८२।०१।२१ गतेको पत्रानुसार सालबोटे स्प्रीङ्कल कुलो सिंचाई योजनाको इष्टिमेट तयार गर्दा BOQ Item No. 15.35.a.i र 15.35.b.i को HDPE Pipe को खरिद दररेट धनकुटा जिल्लाको आ.व. २०८१।०८२ को स्वीकृत दररेट अनुसार प्रति के.जि. रु.२७५ हुनु पर्नेमा रु.३१९ प्रति के.जि. हुन गएकोले Revised Estimate सहित Variation Order स्वीकृतीको लागि सिफारिस भएको हुँदा उल्लेखित योजनाको इष्टिमेटमा HDPE Pipe को खरिद दररेट प्रति के.जि. रु.२७५ कायम गर्दा उक्त योजनाको निर्माण कार्यको ड्रइङ, डिजाईन, तथा स्पेशिफिकेशन बदल्नु नपर्ने तर स्वीकृत कुल लागत अनुमानमा समेत ७.६२% ले कमी हुने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को उपनियम (२) र (३) बमोजिम सालबोटे स्प्रीङ्कल कुलो सिंचाई योजनाको Variation Order को क्र.स.२१ र २२, BOQ Item No. 15.35.a.i र 15.35.b.i को HDPE Pipe को धनकुटा जिल्ला दररेट अनुसार प्रति के.जि. रु.२७५ कायम गरी Variation Order स्वीकृत गर्ने निर्णय गरियो।